# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :२०८१ /०८२
चलानी नं ६३८

मितिः- २०८१/०७/२६

**विषयः- शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सम्बन्धमा ।**

श्री सम्पूर्ण विद्यालयहरु( सामुदायिक र संस्थागत )
बेसीशहर नगरपालिका, लमजुङ ।

प्रस्तुत विषयमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, कास्कीको च.न. १८१ मिति २०८१/०७/११ को पत्र तथा सामाजिक विकास कार्यालय, लमजुङको च.नं. ९८ मिति २०८१/०७/१२ को पत्र अनुसार मिति २०८१/८/२८ र २९ गते प्रदेशस्तरमा र सो मिति भन्दा अगाडि जिल्ला स्तरमा सहभागी छनौटका लागि कार्यक्रम सञ्चालन हुने तथा उत्कृष्ठ सहभागिहरुलाई पुरस्कार समेत दिने गरी शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन हुने जानकारी प्राप्त भएको । उक्त प्रतियोगिताका विषयहरु तल उल्लेख गरिएका छन् ।उक्त प्रतियोगिताका लागि बेसीशहर नगरपालिका स्तरबाट प्रतियोगि छनौट गरी जिल्ला स्तरको प्रतियोगितामा सहभागी हुन पठाइने र जिल्ला स्तरमा सर्वोत्कृष्ठ प्रतियोगीहरुलाई प्रदेश स्तरीय कार्यक्रममा सहभागी हुन पठाइने व्यहोरा जानकारी गराईन्छ । बेसीशहर नगरपालिका स्तरमा मिति २०८१/८/६ र ७ गतेका दिन तपसिलमा उल्लेखित प्रतियोगिताहरु सञ्चालन हुने भएकाले इच्छुक सम्पूर्ण शिक्षक तथा विद्यार्थीहरुलाई मिति २०८१/०८/०३ गते अपरान्ह ४.०० बजेभित्र बेसीशहर नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा नाम दर्ता गर्न सूचना गरिएको छ ।

**सञ्चालन हुने कार्यक्रमहरुः**

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने मिति |
|---|---|---|
| १ | शिक्षक प्रतिभा पहिचान | |
| क) | हाजिरी जवाफ प्रतियोगिता | २०८१/०८/०६ |

२०८१।०७।२६
किसान राज चिलुवाल
उप-सचिव

| | | |
|---|---|---|
| ख) | वक्तृत्वकला प्रतियोगिता | २०८१/०८/०७ |
| २ | विद्यार्थी प्रतिभा पहिचान | |
| क) | वक्तृत्वकला प्रतियोगिता | २०८१/०८/०६ |
| ख) | नृत्य प्रतियोगिता | २०८१/०८/०७ |

**शिक्षक वक्तृत्वकलाका शीर्षकहरु:**

१ नतिजा सुधारमा शिक्षकको भूमिका

२ जिज्ञासु विद्यार्थी, समर्पित शिक्षक र सन्तुष्ट अभिभावक

३ मैले चाहेको विद्यार्थी, मैले पाएको विद्यार्थी

४ हाम्रो विद्यार्थी, राम्रो विद्यार्थी

५ पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिका प्रयोगमा शिक्षको भूमिका

**विद्यार्थी वक्तृत्वकलाका शीर्षकहरु:**

१ स्वस्थ जीवनका लागि योग र ध्यान

२ जेष्ठ नागरिक प्रति मेरो दायित्व

३ समृद्ध नेपाल निर्माणमा मेरो भूमिका

४ पर्यटन प्रवर्द्धन र संस्कृति जगेर्नामा मेरो जिम्मेवारी

**शिक्षक तथा विद्यार्थी वक्तृत्वकला प्रतियोगिता सञ्चालनका आधारहरु:**

१ उल्लिखित शीर्षकहरुमध्येबाट गोला प्रथाद्धारा वक्तृत्वकलाको शीर्षक छनौट गरिनेछ ।

२ प्रत्येक वक्तालाई ६ मिनेटको समय दिइनेछ ।

३ एक विद्यालयबाट १ जना लाई मात्र सहभागी गराइनेछ ।

४ प्रतियोगितामा नाम दर्ता गर्न विद्यालयको सिफारिश हुनुपर्नेछ ।

५ सहभागीताको लागि विद्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ ।

**नृत्य प्रतियोगिता सञ्चालनका आधारहरु:**

१ नृत्य सामूहिक हुनेछ र एउटा विद्यालयको ४ देखि ५ जना सम्मको एक टिम हुनेछ ।

२ नृत्यको अवधि ६ मिनेटको हुनेछ ।

१ नृत्यका लागि प्रयोग गरिएको गीत लोक लयमा आधारित, मौलिक, सामाजिक, साँस्कृतिक तथा सन्देशमूलक हुनुपर्नेछ ।

२०८१।०८।२६

किसान राज चिलुवाल
उप-सचिव

२ नृत्यमा आवश्यक पर्ने भेषभूषा प्रतियोगी आफैले व्यवस्था गर्नुपर्नेछ तथा भेष भूषा तथा पहिरन भड्किलो नभई सभ्य हुनुपर्नेछ ।

शिक्षक हाजिरी जवाफ कार्यक्रम सञ्चालनका आधारहरु :

१ एक समूहमा ३ जना हुने ।

२ एक विद्यालयबाट १ टिम मात्र सहभागी हुनसकिने ।

३ एउटै वडाका विद्यालयहरुमा कार्यरत शिक्षकहरु मिलेर १ टिम निर्माण गरी दर्ता भइ कार्यक्रममा सहभागी हुन सकिनेछ ।

४ हाजिरी जवाफ प्रतियोगितामा नेपालको संविधान, शिक्षा सम्बन्धी मौजुदा कानुन, पाठ्यक्रम, पाठ्यपुस्तक, समसामयिक विषयवस्तु, विज्ञान तथा प्रविधि, भाषा, साहित्य कला, संस्कृति, दर्शन, खेलकुद, इतिहासका विषयवस्तुहरुबाट प्रश्न सोधिनेछ ।

५ हाजिरी जवाफ प्रतियोगिताका थप विषयहरु कार्यक्रम सञ्चालन हुने बेलामा पनि जानकारी गराइनेछ ।

माथि उल्लिखित सबै कार्यक्रमहरुमा प्रथम द्धितिय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ भने प्रथम हुने प्रथियोगीहरुलाई जिल्ला स्तरमा सञ्चालन हुने प्रतिभा पहिचान कार्यक्रममा सहभागी गराईनेछ ।

२०७५।०८।२६

किसान राज चिलुवाल

उप-सचिव